संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १०

सूचनापत्र - २

*(संशोधित)*

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल फागुन ३ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्नलिखित मा० सदस्यहरुले संविधानको रक्षक एवं नेपाली जनताको सर्वोच्चता र सार्वभौमिकताको संरक्षकको रुपमा रहेको सर्वोच्च अदालत का.मु. नेतृत्वमा रहँदा पर्ने मनोवैज्ञानिक एवं संस्थागत असरप्रति सरकारले ध्यान दिनुपर्ने, पूर्व प्रधानन्यायाधीश विरुद्धको महाभियोगको प्रस्तावमाथि संघीय संसदको महासचिवले लेखेको पत्र उपर सर्वोच्च अदालतले अन्तरिम आदेश गरेकोले सो सम्बन्धी कागजात सदनमा उपलब्ध हुनुपर्ने, काठमाडौंको नयाँ बसपार्कमा साना व्यवसायीहरुको पसलमा दिउँसै लुटपाट भएको घटनाले देशमा विद्यमान सुरक्षाको स्थिति दर्शाएको घटनामा संलग्न व्यक्तिहरुलाई सरकारले छानविन गरी दोषीहरुलाई तत्काल कारवाही हुनुपर्ने तथा यातायात व्यवसायीहरुको माग समेत सम्बोधन हुनुपर्ने, राष्ट्रपतिको सवारीको समयमा यातायात व्यवस्था सहज बनाउने जिम्मेवारी सरकारको भएकोले त्यसतर्फ ध्यान दिनुपर्ने, अर्थमन्त्रीको वक्तव्य विपरित अर्थ मन्त्रालयले रासायनिक मल खरीद गर्न बजेट नपठाएको विषयप्रति सदनमा जवाफ दिनुपर्ने लगायतका विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री अर्जुन नरसिंह के.सी
२. मा० श्री प्रकाश शरण महत
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा भाग लिनुभयो :-

१. मा० श्री लेखनाथ दाहाल
२. मा० श्री विनिता कुमारी सिंह
३. मा० श्री विद्या भट्टराई
४. मा० श्री विराज भक्त श्रेष्ठ
५. मा० श्री विश्व प्रकाश शर्मा
६. मा० श्री शक्ति बहादुर बस्नेत
७. मा० श्री शोभा ज्ञवाली
८. मा० श्री शिशिर खनाल
९. मा० श्री शंकर भण्डारी
१०. मा० श्री सरस्वती बजिमय
११. मा० श्री सरस्वती सुब्बा
१२. मा० श्री सराज अहमद फारुकी
१३. मा० श्री सरिता प्रसाई
१४. मा० श्री सरिता भुसाल
१५. मा० श्री सान्ती चौधरी
१६. मा० श्री सुमना श्रेष्ठ
१७. मा० श्री सुरेन्द्र राज आचार्य
१८. मा० श्री सुशिला थिङ
१९. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२०. मा० श्री सूर्य प्रसाद ढकाल
२१. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२२. मा० श्री सोनु मुर्मु
२३. मा० श्री सोबिता गौतम
२४. मा० श्री संगिता मण्डल धानुक
२५. मा० श्री सञ्जय कुमार गौतम
२६. मा० श्री हित बहादुर तामाङ
२७. मा० श्री हितराज पाण्डे
२८. मा० श्री हेमराज राई
२९. मा० श्री ज्ञान बहादुर शाही
३०. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
३२. मा० श्री सन्तोष चालिसे

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री पूर्ण बहादुर घर्ति
४. मा० श्री हरि ढकाल
५. मा० श्री विना जैसवाल
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री चित्र बहादुर के.सी.
१२. मा० श्री प्रदिप पौडेल
१३. मा० श्री ठाकुर गैरे
१४. मा० श्री अशिम शाह

| | | | |
|---|---|---|---|
| १५. | मा० श्री रामनाथ अधिकारी | १९. | मा० श्री कान्तिका सेजुवाल |
| १६. | मा० श्री हेमराज राई | २०. | मा० श्री दामोदर पौडेल वैरागी |
| १७. | मा० श्री डिग बहादुर लिम्बु | २१. | मा० श्री शान्ती वि.क. |
| १८. | मा० श्री ऋषिकेश पोखरेल | | |

त्यसपछि सम्माननीय सभामुखले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनुभयो । मा० श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधानले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले आफुले दिनुभएको विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले उक्त विरोधको सूचनालाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधानले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री ज्वाला कुमारी साहले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री रमेश लेखक | ९. | मा० श्री रणेन्द्र बराली |
| २. | मा० श्री प्रदिप यादव | १०. | मा० श्री सञ्जय कुमार गौतम |
| ३. | मा० श्री रघुजी पन्त | ११. | मा० श्री ठाकुर गैरे |
| ४. | मा० श्री शक्ति बहादुर बस्नेत | १२. | मा० श्री सुमना श्रेष्ठ |
| ५. | मा० श्री प्रेम सुवाल | १३. | मा० श्री रेखा यादव |
| ६. | मा० श्री विराजभक्त श्रेष्ठ | १४. | मा० श्री रामहरि खतिवडा |
| ७. | मा० श्री बद्री प्रसाद पाण्डे | १५. | मा० श्री राज किशोर यादव |
| ८. | मा० श्री नागिना यादव | | |

त्यसपछि मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री ज्वाला कुमारी साहले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल फागुन १० गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४.२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव